# स्थानीय राजपत्र

खण्ड : २ संख्या : १६ मिति : २०७५।०९।१८

## भाग- २
## सुनिल स्मृति गाउँपालिका
### सुलीचौर, रोल्पा प्रदेश नं. ५, नेपाल

# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०७५

पारित मिति : २०७५।०९।१८

१. परिचय :

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १४ बमोजिमको कार्य गर्ने गरी स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३, दफा ११ उपदफा त २ ले दिएको अधिकार प्रयोग गरि सुनिल स्मृति गाउँकार्यपालिका वैठकवाट यो ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि २०७५, जारी गरिएको छ ।

२. परिचय-पत्र वितरणका आधार :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक,

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

३. उद्देश्य :

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

४. लक्षित वर्ग :

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

५. ज्येष्ठ नागरिकको वर्गीकरण :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

६. परिचय-पत्र वितरणका मापदण्ड :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम सुनिलस्मृति गाउँपालिका भित्रका साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची- ३ बमोजिमको परिचय

पत्रको ढाँचा यस कार्य विधिको अनुसूची २ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

८. परिचय-पत्र वितरण प्रक्रिया :

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची- १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि वा मतदाता परिचय पत्रको प्रतिलिपि वा दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । उल्लेखित प्रमाणपत्र  नभएमा वडा अध्यक्षले कागज प्रमाण वा स्थलगत निरीक्षण गरी उचित ठहरेमा जेष्ठ नागरिक परिचय-पत्रको लागि सिफारिस गरेमा परिचय पत्र दिन सकिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी महिला बालबालिका तथा सामाजिक विकास शाखाको प्रमुखको सिफारिसमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गर्ने कर्मचारी वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी महिला बालबालिका तथा सामाजिक विकास शाखामा राख्नुपर्ने छ ।

ङ) हराएमा, नासिएमा वा प्राकृतिक प्रकोपमा परेको ठहरेमा जेष्ठ नागरिक परिचय-पत्र पुनः बनाउनुपर्नेछ ।

च) यसरी निवेदन परेमा आवश्यक कागज प्रमाणको आधारमा गाउँपालिकाको कार्यालयले प्रतिलिपि दिनुपर्नेछ ।

९. अभिलेख सम्वन्धी व्यवस्था :

क) सम्वन्धित वडा कार्यालयले नेपाली नागरिकताको प्रमाण पत्र/मतदान परिचय-पत्रलाई आधार मानी गरिएको सिफारिसका आधारमा ज्येष्ठ नागरिकहरुको अभिलेख यस कार्यविधिको अनुसूची-५ वमोजिम राख्नुपर्ने छ ।

ख) गाउँपालिकावाट प्रदान गरिएको ज्येष्ठ नागरिकहरुको अभिलेख यस कार्यविधिको अनुसूची- ५ वमोजिम राख्नुपर्ने छ र अनुसूची- ५ वमोजिमकै

ढाँचामा कम्प्युटराइज गरी सम्वन्धित मन्त्रालयहरुमा पठाउनुपर्ने छ ।

१०. विविध :

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणमा असहजता आई थप स्पष्टता हुनुपर्ने देखिएमा सहजताको लागि कार्यपालिकाले स्पष्टता गर्न सक्नेछ ।

ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबाहेक प्रचलित कानुनको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

ग) यो कार्यविधि गाउँपालिकाको बैठकबाट निर्णय भएपछि लागू हुनेछ । यो कार्यविधि लागू हुनु भन्दा अघि जारी प्रक्रिया पूरा गरी वितरण भएका जेष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धि कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

घ) पछि निजको कुनै प्रमाणले उमेर नपुगेको ठहरेमा सो परिचय पत्र जुनसुकै समयमा बदर गर्न सकिनेछ ।

ङ) खारेजी र बचाउ :

(१) यस अघि वितरण भएका जेष्ठ नागरिक परिचय-पत्र र अभिलेखहरु यसै नियमावली बमोजिम भएको मानिनेछ ।

(२) यस नियमावलीमा भएको व्यवस्थाहरु कुनै प्रचलित ऐन नियम सँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

(३) जेष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धमा यस अघि भएका प्रावधानहरु यस कार्यविधि स्वीकृत पश्चात स्वतः निस्कृय हुनेछन् ।

अनुसूची- १

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
सुनिल स्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
प्रदेश नं. ५, नेपाल

**विषय : ज्येष्ठ नागरिक परिचय-पत्र पाउँ ।**

उपरोक्त सम्बन्धमा मेरो नागरिकताको प्रमाणपत्र/मतदाता परिचय-पत्रको आधारमा मेरो उमेर ६० वर्ष पूरा भएकोले नियमानुसार जेष्ठ नागरिक परिचय-पत्र पाउँ भनी यो निवेदन पेश गर्दछु ।

**संलग्न**

१) नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी १ थान
२) अटो साईजको फोटो २ प्रति

**निवेदक**

नाम थर : ......................................
गा.पा........................वडा नं............... रोल्पा
संरक्षको नाम थर : ........................................
नागरिकता नं. : .............................
स्थायी ठेगाना : ..................................

अनुसूची- २

जेष्ठ नागरिक परिचय पत्रको ढाँचा

**अगाडि**

**जेष्ठ नागरिक परिचय-पत्र**

प्र. प. नं. :

नाम थर: ...........................................

ना.प्र.न.: ................ जारी मिति : ...........................

ठेगाना: जिल्ला .......................गा.पा : ...........................

वडा नं.: ........... टोल/गाऊँ : .........

उमेर : .......... लिङ्ग : .......... रक्त समूह : ..........................

उपलब्ध छुट तथा सुविधाहरु :सार्वजनिक यातायात तथा सरकारी स्वास्थ्य सेवा उपचार (अन्य)

पति/पत्नीको नाम : .......................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण : .....................................................

**पछाडि**

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. .....................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम :

प्रमाणित गर्ने अधिकृतको नाम :

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

कार्यालयको छाप

अनुसूची- ३

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
सुनिल स्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
प्रदेश नं. ५

**विषय : सिफारिस गरिएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस सुनिल स्मृति गाउँपालिका वडा नं. ........... टोल........बस्ने श्री ........................ को नेपाली नागरिकताको प्रमाण-पत्र/मतदाता परिचय-पत्र हेर्दा निजको उमेर ६० वर्ष पुगेको देखिएकाले निजलाई नियमानुसार जेष्ठ नागरिक परिचय-पत्र उपलब्ध गराई सहयोग गरिदिनहुन यो सिफारिस साथ अनुरोध गरिन्छ । .

**सिफारिस गर्ने**

वडा अध्यक्षको नाम :
वडा नं. :

अनुसूची- ४

प्रतिलिपिको लागि मात्र

उपरोक्त सम्बन्धमा यस सुनिलस्मृति गाउँपालिका वडा नं.....बस्ने बर्ष ....... को श्री ........................सुनिल स्मृति गाउँपालिकाको स्थायी बासिन्दा भएको र निजको मिति ...........मा प्राप्त गरेको..........नं. को ज्येष्ठ नागरिक परिचय-पत्र (हराएको/जलेको/बाढी डुबान वा अन्य) कारणले नष्ट भएको हुँदा निजलाई ज्येष्ठ नागरिक परिचय पत्र (पहिलो/दोस्रो/तेस्रो ) प्रतिलिपि उपलब्ध गराइदिनहुन अनुरोध गरिन्छ । .

**सिफारिस गर्ने**

वडा अध्यक्षको नाम :
वडा नं.

## अनुसूची- ५
## जेष्ठ नागरिक परिचय पत्र विवरण
## कार्यालयमा राखिने दर्ता अभिलेख

| क्र.स. | परिचय पत्र नं. | प्राप्त मिति | जेष्ठ नागरिक व्यक्तिको नाम थर | ठेगाना | जेष्ठ नागरिकको किसिम | लिंग | बाबु/ आमा/ पति/पत्नी | बाजे/ ससुरा | संरक्षक व्यक्तिको नाम थर फोन नं. | बुझिलिनेको दस्तखत | प्रमाणित गर्नेको दस्तखत | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

आज्ञाले,

**लेखनाथ न्यौपाने**

प्रमुख प्रशासकीय अधिकृत